सूचिकृत धितोपत्रहरुको संगठित दोश्रो वजारको रुपमा रहेको नेप्सेमा विगत ४ दिन देखि कुनै करोवार भएको छैन । ने.रा. वैंकले वैंक तथा वित्तीय संस्थाहरुलाई मार्जिन लेण्डिङ्ग गर्न नपाउने निर्देशन जारी गरे पश्चात यसलाई लगानीकर्ताहरुको हित विपरित भन्दै सट्टा वजारमा संलग्न लगानीकर्ताहरुले निर्देशन फिर्ता लिनुपर्ने धारणा व्यक्त गर्दै कारोवार नगर्ने र गर्न नदिने नीति लिएको पाइन्छ । तर विनिमय वजारले प्ररम्भ देखि नै ने.रा. वैंकको यो नीति लगानीकर्ताहरुको हित अनुकूल छ वा प्रतिकूल छ हेर्नका लागि पनि शेयर वजारमा कारोवार हुन नितान्त आवश्यक रहेको तथ्य औल्याउँदै आएको छ भने अर्को तीर नेप्सेले Circuit Breaker तथा Trading Halt गर्ने जस्ता नीति लिएको सर्व विदितै छ । यसले गर्दा नेप्से Index मा २५ विन्दु भन्दा वढि मूल्य झरेमा विगतमा जस्तै कारोवार रोक्का गरीने हुदाँ मूल्यमा आउन सक्ने ठूलो गिरावटको आशंका गरी कारोवारमा रोक लगाउनुको कुनै औचित्य देखिदैन ।

नेप्सेले सूचिकृत धितोपत्रहरुको कारोवार कम्प्यूटरकृत गरे पश्चातको कारोवार पद्धति GTC अर्थात Good Till Canceled मा आदेश प्रविष्ट गर्न सकिने र यसरी प्रविष्टि गरेको आदेश १५ दिनसम्म कारोवारका लागि System मा रहने व्यवस्था रहेको छ । यसरी २०६४/९/१७ सम्ममा प्रविष्ट गरेको आदेश तथा सो मितिमा नयाँ Entry गरेको आदेशहरु हेर्दा १७ वटा सदस्य दलाल कम्पनीहरुको ५७ वटा खरिद विक्री आदेश प्रविष्टि गरेको पाइन्छ । ती मध्ये ४९ वटा खरिद आदेश र ८ वटा विक्री आदेश रहेका थिए । त्यस्तै गरी मिति २०६४/९/१८ मा १० वटा सदस्यदलाल कम्पनीको १५१६० कित्ता शेयरका लागि रु. १,८८,३४,५००।- को ४१ वटा खरिद विक्री आदेश कायम रहेको पाइन्छ ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ विराट लक्ष्मी विकास वैंक लि. को २,००,००० कित्ता साधारण शेयर, नेपाल एक्सप्रेस फाइन्नास लि. को ५,००,००० कित्ता साधारण शेयर तथा लुम्विनी वैंक लि. को १५,००,००० कित्ता हकप्रद शेयर, नेपाल इन्भेष्टमेन्ट वैंक लि. को २०,१२,८१५ कित्ता वोनस शेयर र नेपाल चलचित्र विकास कम्पनी लि. को ४४,६६२ कित्ता वोनस शेयर सूचिकृत भएको छ ।